नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# वैदेशिक रोजगार विभाग

(प्रशासन तथा समन्वय शाखा)

प.सं. ०८१/०८२
चलानी नम्बरः-

ताहाचल, काठमाडौं
नेपाल।

## प्रेश विज्ञप्ती

हालका दिनहरुमा फेसवुक, टिकटक, भाइवर, युट्व तथा ह्वाट्सएप लगायतका सामाजिक सञ्जालहरुमा वैदेशिक रोजगारीमा पठाइदिने भनि विभिन्न प्रलोभनहरु सहितका विज्ञापन गर्ने, राम्रा र आकर्षक सुविधा भएको देशमा पठाइदिने भन्ने आस्वासन दिने, पैसा उठाउने तथा पासपोर्टहरु संकलन गरेर दुख दिने, साथै E-7 भिसा मार्फत कोरिया पठाइदिन्छु भनि गैरकानूनी गतिविधि गरेको भन्ने सुनिन आएकोले सो विषयमा यस विभागको ध्यानाकर्षण भएको छ । वैदेशिक रोजगार ऐन, २०६४ ले नेपाल सरकारले वैदेशिक रोजगारीमा जानको लागि खुल्ला गरेका मुलुकहरुको हकमा वैदेशिक रोजगार विभागबाट स्वीकृति लिई नेपालकै विमानस्थल प्रयोग गरि जान सकिने तथा वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त संस्था बाहेकले सो सम्बन्धी कार्य गर्न नपाउने समेत कानूनी व्यवस्था छ । तर कानून विपरित श्रम स्वीकृति नलिई, अर्को मुलुकको विमानस्थल प्रयोग गरि, गलत सूचना प्रवाह गर्दै श्रम सिर्जना गरेर विदेश पठाउने/जाने कार्य गैरकानूनी भएको र यसरी वैदेशिक रोजगारीमा जाँदा श्रमिकहरु विभिन्न जोखिममा पर्न सक्ने, मानव तस्करी, श्रम शोषण र दुर्व्यवहारको खतरा झन बढ्ने देखिन्छ । वैदेशिक रोजगारीलाई सुरक्षित मर्यादित र भरपर्दो वनाउन वैदेशिक रोजगार ऐन, २०६४ ले तोके वमोजिम अनिवार्य रुपमा वैदेशिक रोजगार विभागवाट श्रम स्वीकृति लिएको एकिन गरी नेपालकै विमानस्थलको प्रयोग गरी तोकिए वमोजिमका तालिम/ओरेन्टेसन तथा आफ्नो स्वास्थ्य चेकजाँच समेत गरेर कानून बमोजिम जानको लागि आह्वान गरिन्छ । यसरी गैरकानूनी रुपमा जाने वा पठाउने वा सामाजिक सञ्जालहरुमा जथाभावि विज्ञापन गर्ने जो कोहीलाई कानून वमोजिम कारबाही गरिने छ । साथै, कुनै पनि व्यक्तिले सामाजिक सञ्जाल लगायत अनाधिकृत तवरले प्रचार गरिएका वैदेशिक रोजगारी सम्बन्धी विषयमा विश्वास नगरी आधिकारिक संस्थामार्फत भिषा र श्रम स्वीकृति भए पश्चात मात्र आर्थिक कारोवार गर्नुहुन अनुरोध छ ।

मितिः २०८२।०३।३१ गते ।

चन्द्र बहादुर सिंवाकोटी
प्रवक्ता

टेलिफोन नं: ०१-४७९२६१६, ४७९२६७१, ४७९२६४८, ४७९२७११०, ४७९२६५८ फ्याक्स नं: ०१-४७९२६०६
Email.: info@dofe.gov.np, website: www.dofe.gov.np